# नेपाल सरकार
# शिक्षा मन्त्रालय
# तत्काल सुधारको कार्ययोजना २०७२/०७३ देखि २०७३/०७४

## उद्धेश्यहरु

१ नयाँ सबिधानअनुरुप शिक्षा क्षेत्रको नीतिगत सुधार गर्ने ।

२ शैक्षिक सेवा प्रवाहमा प्रभावकारीता ल्याउने ।

३ भूकम्पीय क्षतिको पुनर्निर्माण गर्ने ।

४ शैक्षिक योजना तथा कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्दा लक्षित बर्ग केन्द्रित गर्ने ।

## १ संक्रमणकालीन ब्यबस्थापन

| क्र.स | सुधारको क्षेत्र | समयसीमा | अपेक्षित उपलब्धि | हाल सम्मको ( २०७३ माघ महिना सम्मको) प्रयास |
|---|---|---|---|---|
| १.१ | नेपालको संबिधानको प्रावधान अनुरुप शिक्षा क्षेत्रसँग सम्बन्धित ऐन नियम तथा निर्देशिकाहरुमा सामयिक संसोधन तथा सुधार गर्ने ।<br>क)बिश्व बिद्यालय छाता ऐन निर्माण गर्ने ।<br>ख)संबैधानिक प्रावधान अनुरुप शिक्षा ऐन तथा नियमावलीमा संसोधन गरी निशुल्क तथा अनिबार्य आधारभुत शिक्षा सम्बन्धी ब्यबस्था एबं बाल अधिकार सम्बन्धी प्राबधान लगायतका पक्षहरु समावेश गर्ने ।<br>ग)शिक्षाका क्षेत्रगत निर्देशिकाहरुमा समसामयिक सुधार गर्ने ।<br>घ)शिक्षक सेवा आयोग नियमावलीमा सामयिक संशोधन गर्ने । | आर्थिक बर्ष २०७४ मंसिर सम्म | नेपालको संबिधानको प्राबधान अनुरुप ऐन नियम संसोधन भएको हुने । | *क) छाता ऐन मन्त्रिपरिषदवाट पास भएको ।*<br>*ख) शिक्षा ऐन कार्यान्वयनमा आएको, नियमावलीको मस्यौदा तयार भै स्वीकृतिका लागि छलफलको क्रममा रहेको ।*<br>*ग) तयारी भई रहेको ।*<br>*घ)नियमावली सशोधनको प्रक्रियामा रहेको ।* |
| १.२ | क) संबिधानको प्रावधान अनुरुप संघ, प्रदेश र स्थानीयस्तरको संरचनागत खाका तयार गर्ने ।<br>ख) संबिधानको प्रावधान अनुरुप शिक्षा मन्त्रालय र अन्तर्गतको निकायको संगठन तथा ब्यबस्थापन (O & M) सर्भेक्षण गर्ने । | आर्थिक बर्ष २०७२/०७३ सम्म | संघिय संरचना अनुरुप संस्थागत संरचना खडा भएको हुने ।<br>O&Mसर्भेक्षणभै शिक्षा मन्त्रालय अन्तर्गत जनशक्ति ब्यबस्थापन भएको हुने । | *प्रतिबेदन बनाई प्रशासन सुधार आयोगमा पेश गरेको । ?* |
| १.३ | राष्ट्रिय शिक्षा आयोग गठन गरी शिक्षा क्षेत्रको पुनर्सरचना गर्ने कार्य अगाडी बढाउने । | २०७३ असार | शिक्षा क्षेत्रको संरचना चुस्त तथा सेवा प्रवाह प्रभावकारी भएको हुने । | *आन्तरिक रुपमा ब्यापक गृहकार्य भइरहेको ।* |
| १.४ | बिद्यालयहरुको नक्साङनको आधारमा बिद्यालय पुनर्बितरण गर्ने । | २ बर्ष भित्र | शिक्षा नियमावली अनुसारको बिद्यार्थी संख्यालाई सेवा पुगेको हुने । | ***थप एक जिल्ला खोटाङको** GISdata update and verification **भएको ।उक्त थप सहित ४१ जिल्लाको** Data update **तथा** Verification **कार्य सम्पन्न भएको ।*** |

**२ सार्वजनिक सेवा प्रबाह**

| क्र.स | सुधारको क्षेत्र | समयसीमा | अपेक्षित उपलब्धि | हाल सम्मको ( २०७३ माघ महिना सम्मको) प्रयास |
|---|---|---|---|---|
| २.१ | शिक्षक ब्यबस्थापन सुधार र क्षमता अभिबृद्धि ,बिषय शिक्षक,बिद्यालयका प्रधानाध्यापक र ब्यबस्थापन समितिकालागि छुट्टा छुट्टै न्युनतम मापदण्ड र कार्य सम्पादन सुचक बनाई कार्यान्वयन गर्ने । यसका आधारमा पुरस्कार र दण्ड ब्यबस्था कार्यन्वयन गरि बिद्यालय शिक्षालाई गुणस्तर र जवाफदेही बनाईने । | २ बर्ष भित्र | शिक्षक ब्यबस्थापन सुधार र क्षमता अभिबृद्धि,बिषय शिक्षक,बिद्यालयका प्रधानाध्यापक र ब्यबस्थापन समितिकालागि छुट्टा छुट्टै न्युनतम मापदण्ड र कार्य सम्पादन सुचक बनाई कार्यान्वयन भएको हुने । | ***शिक्षक व्यवस्थापन सुधार र क्षमता अभिवृद्धि , विषय शिक्षक , प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका लागि छुट्टाछुटै न्यूनतम मापदण्ड र कार्य सम्पादन सूचक बनाई कार्यान्वयन गर्न सामुदायिक विद्यालय सञ्चालन मापदण्ड निर्देशिका तयार गर्ने प्रक्रियामा रहेको ।*** |
| २.२ | पाठ्यपुस्तक उपलब्धतालाई सहज बनाउने । | हरेक शै सत्रको सुरु महिना | शैक्षिक सत्र सुरु भएको २ हप्ता भित्र बिद्यार्थीहरुले पाठ्यपुस्तक प्राप्त गरेको हुने । | ***फाल्गुण १ गतेदेखि शैक्षिक सत्र शुरु हुने ५ जिल्लामा समयमा पाठ्य पुस्तक पुर्याउन मुद्रक ,बिक्रेता तथा जिल्लासंग समन्वय गर्ने काम भएको । ज.शि.सा.के.लि.ले कक्षा ६ -१० का २०००१८४० थान पा.पु.छपाइ गर्नुपर्नेमा २०७३।१०।२९ को रिपोर्ट अनुसार हालसम्म ९४५३४३० थान पा.पु.छपाइ भएको ।*** |
| २.३ | सामुदायिक बिद्यालयहरु एबम् शिक्षण संस्थामा सूचना प्रबिधिमा आधारीत पठन पाठनलाई अबलम्बन गर्ने । | २०७३ असार मसान्त | सूचना प्रबिधिमा आधारीत पठन पाठन शुरु भएको हुने । | • ***आ.व.२०७३।०७४ मा २४० नमूना विद्यालयका लागि*** ICT LAB ***व्यवस्थापनको लागि अनुदानको व्यवस्था भएको ।***<br>• ***चालु आ.व.मा ICT का माध्यमबाट शिक्षण सिकाइका लागि कम्प्युटर इक्युपमेन्ट तथा KITS खरिद अनुदान शिर्षकमा रु ७५ करोड विनियोजन गरिएको ।***<br>• ***इच्छुक सबै मा.वि. र अधिकांश निमाविहरुका लागि पुग्ने गरी विगत आ.व.हरुसम्ममा लागत सहभागिताका आधारमा रु १,४०,००० का दरले अनुदान प्रदान गरिएको***<br>• ***जिल्लागत विद्यालयमा भएका ICT सम्बन्धी स्रोत साधनको विवरण माग भएको ।***<br>• ***शैक्षिक जनशक्ति विकास केन्द्र मार्फत १०० वटा विद्यालयहरुमा virtual class सचालन गरिएको ।*** |
| २.४ | प्रदेशस्तरमा नमुनाको रुपमा एक एकवटा भुकम्पबाट अति प्रभाबित १४ जिल्लामा सुबिधा सम्पन्न आवाशिय बिद्यालय सञ्चालन गर्ने । | शैक्षिक सत्र २०७३ बैशाख | आवासीय बिद्यालय सञ्चालनमा आएको हुने । | • ***भुकम्पबाट अति प्रभावित १४ जिल्लामा सुविधा सम्पन्न आवाशीय १४ ओटा नमुना विद्यालय स्थापना गर्ने र उक्त कार्यको लागि नमुना विद्यालय छनौटका आधारहरु २०७३ अनुसार १ ३ जिल्लाका विद्यालय छनौट भइसकेको।*** |
| २.५ | आयोजना प्रमुख, जिल्ला शिक्षा अधिकारी, प्रधानाध्यापक तथा शिक्षकसँग कार्यसम्पादन करारको प्रावधानलाई क्रमश कार्यान्वयनमा ल्याउने । | २ बर्ष भित्र | शिक्षकहरुको उत्तरदायित्व र शैक्षिक नतिजामा बृद्धि भएको हुने । | • ***७५ जिल्लाका जिल्ला शिक्षा अधिकारीसँग कार्यसम्पादन करार सम्पन्न ।***<br>• ***जिल्ला शिक्षा अधिकारी र प्र।अ।हरूबीच कार्यसम्पादन करार १२ जिल्लामा सम्पन्न , २५ जिल्लाका अधिकांश प्र।अ।सँग सम्पन्न , ५ जिल्लामा आंशिक रूपमा करार सम्पन्न भएको , ३३ जिल्लामा कार्य शुरूको तयारीमा रहेको ।*** |
| २.६ | बेरुजु फर्छयौट कार्यलाई प्रथमिक्ताका साथ सम्पन्न गर्ने । | निरन्तर | बेरुजुको मात्रा उल्येखनिय रुपमा घटने । | ***२०७३।७४ को माघ मसान्तसम्म विनियाजन तर्फ ९.१०८ र समितितर्फ १..७४ प्रतिशत बेरुजु फछ्र्योट भएको ।*** |
| २.७ | कर्मचारी सरुवाको स्पस्ट मापदण्ड निर्धारण गरी कार्यान्वयन गर्ने । | निरन्तर | शिक्षा मन्त्रालय र माताहतका निकायहरुमा प्रशासनिक ब्यबस्थापनमा सुधार आउने । | ***मापदण्ड विकास भएको । कार्यान्वयनको निमित्त गृहकार्य भैहहेको ।*** |

| क्र.स | सुधारको क्षेत्र | समयसीमा | अपेक्षित उपलब्धि | हाल सम्मको (२०७३ माघ महिना सम्मको) प्रयास |
|---|---|---|---|---|
| २.८ | मानव बिकास सुचाङ्क न्युन तथा छात्रा भर्नादर कम भएका जिल्लाका सिमान्तकृत समुदायको छात्रछात्राहरुलाई आवाशीय सुबिधा सहितको बिद्यालयमा अध्ययनको अवसर क्रमशः बिस्तार गर्ने । | शैक्षिक सत्र २०७२ भित्र | आवासीय सुबिधा सहितको बिद्यालयमा अध्ययनको अवसर विस्तार भएको हुने। | ***चालु आ.व.०७३।०७४ मा आवासीय छात्रावास : मुक्त कमलरी ६ ओटा, हिमाली छात्रावास १५ ओटा, फिडर छात्रावास २० ओटा, नमूना विद्यालय ५ ओटाबाट २१२५ बालबालिकाहरुलाई आवासीय छात्रवत्तिको व्यवस्था गरिएको ।*** |
| २.९ | प्राबिधिक ब्यबसायिक शिक्षाको अवसर बिस्तार गर्ने ।<br>क)लक्षित बर्ग र क्षेत्रको सन्तुलन हुने गरी प्राबिधिक शिक्षालयहरुको स्थापना र सञ्चालन गर्ने र प्राबिधिक शिक्षालाई मागमा आधारीत बनाउने ।<br>ख) बिद्यालय शिक्षामा प्राबिधिक धारको शिक्षा सञ्चालन गर्ने । | २०७२ भाद्र मसान्त | • लक्षित समुदायका प्रबिधिक तथा ब्यबसायिक सीपयुक्त युवा जनशक्ति उत्पादन भएको हुने ।<br>• छानिएका उमाबिहरुमा प्राबिधिक शिक्षा कक्षा सञ्चालन भएको हुने । | ***(क)***–१६ वटा पोलिटेक्निक निर्माणाधिन , ६ वटा नया पोलिटेक्निकइन्टिच्युटहरुको भवन निर्माण प्रकृयामा ।निर्माणाधिन मध्य४ वटामा डिप्लोमा तहमाआंसीक कार्यक्रम संचालन भएको ।निजीस्तरमाडिप्लोमातहकाकार्यक्रम सञ्चालनका लागिस्थलगत निरिक्षण भइरहेको।छोटो अवधीका तालीम कार्यक्रमको सम्वन्धन दिनका लागीपूर्वाधार निरिक्षण भएर प्रतिवेदन प्राप्तसंथालाइ सम्वन्धन दिनेकामभइरहेको ।<br>– सामुदायिक विधालयमाडिप्लोमा तहका २८वटा र TSLC तहका २२ वटा विधालयलाई सम्वन्धन दिइ यसै शेक्षिकसत्रवाट कक्षा संचालन भइरहेको ।सामुदायिक विधालयमा प्राविधिक शिक्षा संचालनमारहेका थप २५ वटा विधालयको निरिक्षण सुपरिवेक्षण भइरहेको ।<br>***(ख)२४० विद्यालयमा प्राविधिक धारको (कक्षा ९ -१०) र ९५ विद्यालयमा कक्षा ११ र ८३ विद्यालयमा कक्षा १२ को प्राविधिक शिक्षा सञ्चालन भैरहेको ।*** |
| २.१० | उच्च शिक्षाको अवसर बिस्तार तथा सान्दर्भिक्तामा सुधार गर्ने । चिकित्सा शिक्षालाई ब्यबस्थित र पारदर्शी बनाउने । नेपाललाई क्षेत्रिय उच्च शिक्षाको केन्द्र बनाउने संभाब्यता अध्ययन गर्ने । | २०७२-२०७४ | • उच्च शिक्षाको संगठन, कार्यक्रम तथा ब्यबस्थापनमा सुधार भएको हुने ।<br>• उच्च शिक्षाको पाठ्यक्रम सुधार भएको हुने । | ***उच्च शिक्षा नीति मन्त्रिपरि षदबाट स्वीकृत भई , नीति अनुसार कानूनी व्यवस्था मिलाउने कार्य भैरहेको अवस्थामा उच्च शिक्षाको अवसर विस्तार तथा सान्दर्भिकता सुधार गर्न उच्च शिक्षा विकास तथा सुधारको राष्ट्रिय कार्यक्रम निर्माण भएको । यसै कार्यक्रमको एक भागको रुपमा नेपाल सरकारको नियमित कार्यक्रम तथा विश्व बैंकको सहुलियतपूर्ण ऋण सहयोगमा उच्च शिक्षा सुधार परियोजना कार्यन्वयनमा रहेको । उच्च शिक्षा सुधार परियोजनाले निम्न क्षेत्रहरु समेटेको छ ।गुणस्तर सुनिश्चिता तथा प्रत्यायन सम्बन्धी प्रणालीको स्थापना र संचालन , कार्य सम्पादन तथा सूत्रमा आधारित लगानी /अनुदान दिने नीति कार्यान्वयन ,संस्थागत तथा प्राज्ञिक स्वायत्तताको अभिवृद्धि , त्रि.वि.को परीक्षा प्रणालीमा सुधार तथा शैक्षिक क्यालेण्डर तयार गरी सो को प्रभावकारी कार्यान्वयन , पाठ्यक्रम परिमार्जन तथा नयाँ कार्यक्रमको विकास तथा कार्यान्वयन,विपन्न वर्गका विद्यार्थी लक्षित वित्तीय सहायता रप्राज्ञिक उत्कृष्टताका लागि अनुसन्धान, विकास र प्रवत्र्तनमा सहयोग । चिकित्सा शिक्षालाई ब्यबस्थित र पारदर्शी बनाउने सन्दर्भमा नेपाल सरकार र डा गोबिन्द के सी बीच भएको सम्झौता कार्यान्वयन गर्ने गराउने वातावरण निर्माण गर्न विश्व विद्यालय समन्वय समितिको बैठकमा पटक पटक छलफल गरी सम्बन्धित विश्वविद्यालयहरुलाई निर्देशन दिईएको ।<br>नेपाललाई क्षेत्रिय उच्च शिक्षा केन्द्र बनाउन सार्क क्षेत्रका राष्ट्रको Heads of UGC and equivalent bodiesबैठक नियमित रुपमा भैरहेको छ ।*** |

| क्र.स | सुधारको क्षेत्र | समयसीमा | अपेक्षित उपलब्धि | हाल सम्मको ( २०७३ माघ महिना सम्मको) प्रयास |
|---|---|---|---|---|
| | | | | *यसका महत्वपूर्ण विषय (निम्नानुसार) मा कार्य भैरहेको छः*<br>*Mutual Recognition of professional degrees, common regional educational standard, QAA, harmonization of the curriculum,SAARC chairs, fellowship and scholarship schemes, Open and distance learning*<br>*नेपाललाई क्षेत्रिय उच्च शिक्षा केन्द्र बनाउन प्राथमिकता क्षेत्र तयार गरिएको र संभाव्यता अध्ययन गर्ने कार्यका लागि TOR लगभग तयार हुने क्रममा रहेको । दक्षिण एसियाली विश्वविद्यालयको प्रबन्धकिय समितिको अध्यक्षको हैसियतले बोर्डको २०१७ जुनमा बैठक आयोजना गर्ने सम्बन्धमा प्रारम्भिक तयारी कार्य भइरहेको ।* |
| २.११ | छात्रबृति बितरण प्रणालीलाई ब्यबस्थित गर्ने ।<br>क) बिद्यालय शिक्षामा एकिकृत छात्रबृति प्रणाली लागु गर्ने ।<br>ख) उच्च तथा प्राबिधिक शिक्षाको लागि प्रदान गरिने छात्रबृति बितरण प्रणालीलाई ब्यबस्थित र लक्षित बर्ग केन्द्रित गर्ने ।<br>ग) संस्थागत बिद्यालय नियमन मापदण्ड कार्यान्वयन र त्यस्ता बिद्यालयले प्रदान गर्ने | २०७२ देखि २०७४ सम्म | लक्षित बर्गको शिक्षामा सहभागिता बृद्धि भएको हुने । | *क) गृहकार्य भईरहेको ।*<br>*ख) * छात्रबृत्ति प्रयोजनको परीक्षालाई ऐन नियमाबलीमा ब्यबस्था गरी सम्वन्धित बिश्वबिद्यालयलाई जिम्मेवार बनाईएको ।*<br>** छात्रबृत्तिलाई योग्यता प्रणालीमा आधारित बनाई लक्षित बर्ग केन्द्रित गरि बिभिन्न समुदायको लागि आरक्षणको ब्यबस्था समेत गरिएको*<br>** छात्रबृत्तिको प्राप्त कोटा संख्याको आधारमा छात्रबृत्ति निर्धारण समितिको निर्णय बमोजिम आवश्यकताको आधारमा बिषयगत कोटा निर्धारण गर्ने गरिएको ।*<br>** प्राप्त बिषयगत कोटालाई छात्रबृत्ति छनोट समितिको निर्णय बमोजिम सूचना दैनिक पत्रिका गोरखापत्र , यस मन्त्रालयको वेव साईट र छात्रबृत्तिको सूचना पाटीमा जारी गर्ने गरिएको ।*<br>*ग) मापदण्ड निर्देशिका जारी भई कार्यानवयनमा गएको । संस्थागत विद्यालय नियमनको लागि जि.शि.का.तथा क्षे.शि.नि.लाई निर्देशन दिइएको* |
| २.१२ | एस एल सी परीक्षाको नतिजामा Letter Gradingको ब्यबस्था गर्ने । | २०७२ को एस एल सी परीक्षा बाट | एस एल सी परीक्षाको नतिजामा Letter Gradingको ब्यबस्था भएको हुने । | ***विद्यालय शिक्षामा अक्षराङ्कन पद्धति कार्यान्वयन कार्यविधि २०७२ स्वीकृत भई कक्षा ११ र १२ मा अध्ययनका लागि भर्नाको आधारहरु समेत ताकी कार्यान्वयनमा रहेको ।*** |
| २.१३ | क) बैदेशिक अध्ययन सम्बन्धी प्रभावकारी ब्यबस्थापन गर्ने ।<br>ख) शैक्षिक परामर्स दातृ संघसंस्थाहरुको नियमन, अनुगमन तथा मुल्याङ्कन गर्ने परीपाटीको विकास गर्ने । | निरन्तर | बैदेशिक अध्ययनमा जान बिद्यार्थीहरु लाभान्वित भएको हुने । | *शैक्षिक परामर्श दाता संघसंस्थाको दर्ता, सेवा स्वीकृति, अनुगमन लगायत नियमन गर्ने परिपाटी विकास भएको ।* |
| ३.१ | हाल सञ्चालनमा रहेका शैक्षिक योजनाहरु (बिद्यालय क्षेत्र सुधार कार्यक्रम, बिद्यालय क्षेत्र बिकास कार्यक्रम, अनौपचारीक शिक्षा तथा निरन्तर सिकाई, शिक्षाका लागि खाद्य कार्यक्रम, प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम ब्यबहारीक शिक्षा सीप सहित,ब्यबसायिक शिक्षा तथा तालिम अभिबृद्धि परियोजना, सीप बिकास परियोजना, उच्च शिक्षा सुधार परियोजना लगायत )को निरन्तरता दिने । | आ व २०७४ मंसीर सम्म | बिद्यार्थीको सिकाईमा सुधार भएको हुने ।<br>प्राबिधिक तथा ब्यबसायिक तालिमको अवसर उपलब्ध भएको हुने ।<br>उच्च शिक्षामा सुधार आएको हुने । | *चालु परियोजनाको हकमा कार्यान्वयन प्रक्रियामा सुधार गरी निरन्तरता दिईएको । विद्यालय क्षेत्र सुधार कार्यक्रम सम्पन्न भइ सो को निरन्तरताको रुपमा विद्यालय क्षेत्र विकास योजना तयार भइ कार्यान्वयनमा रहेको ।* |
| ३.२ | बिद्यालय क्षेत्र बिकास कार्यक्रम गर्ने तयारी (बिद्यालय क्षेत्र सुधार कार्यक्रमको समाप्ती यसै आर्थिक बर्षमा हुने हुदा) | आ व २०७२/०७३ | बिद्यालय शिक्षाका लागि एकिकृत योजना तयार भै कार्यान्वयनमा आएको हुने । | *योजना तयारी कार्य सम्पन्न भै कार्यान्वयनको चरणमा रहेको ।* |

| क्र.स | सुधारको क्षेत्र | समयसीमा | अपेक्षित उपलब्धि | हाल सम्मको ( २०७३ माघ महिना सम्मको) प्रयास |
|---|---|---|---|---|
| | | सम्म | | |
| ३.३ | बिद्यालय भौतिक सुबिधा बिस्तार गर्ने । | आ व २०७२/०७३ तथा निरन्तर | बिद्यालयमा न्युनतम सक्षमताको अबस्था सुनिस्चित भएको हुने । | • ***जिशिका मार्फत विद्यालय भवन निर्माण तथा मर्मत र शौचालय निर्माण कार्य भइरहेको ।***<br>• ***भुकम्पले प्रभावित जिल्लाहरुमा केन्द्रीय आयोजना इकाइमार्फत चालु आ.व.०७३/०७४ मा ५३४ विद्यालय भवन निर्माण कार्यक्रम रहेको***<br>• ***शिक्षा विभागको विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत चालु आ.व.मा Wash सुविधा सहितका शौचालय १००० , रेट्रोफिटिङ २०० विद्यालय, ३००० कक्षाकोठा मर्मत, ११६० क्रमागत भवन सम्पन्न गर्ने र २००० वटा २कोठे भवन र १००० वटा ४ कोठे भवन निर्माण*** |
| ३.४ | सुचना तथा सन्चार प्रबिधिलाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा एकिकृत गर्दै डिजिटल डिभाईडलाई कम गर्दै जाने । | आ व २०७२/०७३ | डिजिटल डिभाईडलाई कम गर्दै गएको हुने । | ***आ.व.२०७२।०७३ मा २०० वटा सामुदायिक विद्यालयहरुमा सुचना प्रविधि सुविधा विस्तार गर्न रु २ करोड निकासा गरिएको । (यस आवको केही थप्न सकिन्छ कि - शिक्षा विभाग मार्फत?)*** |
| ४.१ | योजना कार्यान्वयन इकाई (PIU) गठन तथा जनशक्ति ब्यबस्थापन गर्ने । | २०७२ कार्तिक मसान्त | पुनःनिर्माणको तयारी पुरा भएको हुने । | ***छुट्टै कार्यालय खडा गरी कार्य प्रारम्भ गरेको ।<br>केन्द्रमा PIU र भूकम्पबाट अति प्रभावित १४ जिल्लामा DLPIU गठन,जनशक्ति व्यवस्थापनको कार्य भइ कार्य सुचारु रहेको ।*** |
| ४.२ | शैक्षिक संस्थाहरु तथा विद्यालय पुनः निर्माण, भुकम्पबाट क्षतिग्रस्त विद्यालयहरुको पुननिर्माणमा प्रस्तावित प्राबिधिकरणसंग समन्वय | २ बर्ष (थप १ बर्षको निरन्तरता) | भूकम्पवाट भत्किएका शैक्षिक संस्था तथा बिद्यालयको पुनःनिर्माण हुने । | ***केन्द्रमा PIUगठनभइकार्यप्रारम्भभएकालेPIUबाटनैप्राधिकरणसँगसमन्वयगरीकार्यसम्पादन भैरहेको।*** |
| ४.३ | क्षतिग्रस्त विश्व विद्यालय र क्याम्पस भवन पुनः निर्माण गर्ने । | २ बर्ष (थप १ बर्षको निरन्तरता) | क्षतिग्रस्त विश्व विद्यालय र क्याम्पस भवन पुनः निर्माण भएको हुने। | ***क्षतिग्रस्त विश्वविद्यालय र क्याम्पस भवन पुनः निर्माण गर्न संक्रमण व्यवस्थापन, भत्केका संरचनाको पुर्ननिर्माण, सेवा प्रवाह, अन्य व्यवस्था सम्बन्धी कार्ययोजना योजना विश्वविद्यालय अनुदान अयोगबाट प्राप्त भएको ।<br>चालु आ.व.मा पूननिर्माण बजेट विनियाजन भएको, कार्यक्रम स्वीकृतिको लागि पुननिर्माण प्राधिकरणमा पेश गरिएको । बजेट विनियोजन भएको, कार्यक्रम स्वीकृतीका लागि पुननिर्माण प्राधिकरणमा पेश गरिएको छ । उच्च शिक्षा तर्फको पुनर्निर्माण कार्य गर्न केन्द्रीय तहमा अलग्गै सरचना तयार गर्ने बारे NRA सग छलफल भएको । विश्वविद्यालय अनुदान अयोगले चालु अवमा प्रदान गरेको भौतिक विकासको लागि सहयोग कार्यक्रममा भूकम्पले क्षतिग्रष्त सरचनाको पुर्निर्माणमा समेत खर्च गर्न सक्ने गरि अनुदान रकम उपलब्ध गराएको*** |
| ४.४ | सार्बजनिक बिद्यालयमा जनबिश्वासको पुनः प्राप्ति र शिक्षा क्षेत्रमा दायित्वबोधको अनुभुति प्रदान गर्ने । | २ बर्ष (थप १ बर्षको निरन्तरता) | शिक्षाको नीति कार्यक्रममा संलग्न पदाधिकारी, शिक्षकका बाल बालिका समुदायिक बिद्यालयमा पठनपाठन गर्ने गराईने वातावरण निर्माण हुने र नैतिक दवाव सृजना गर्न राष्ट्रिय बहसको प्रारम्भ भएको हुने । | ***शिक्षाको नीति निर्माण तहका पदाधिकारी एवम् शिक्षकहरुका बालवालिकालाई सामुदायिक विद्यालयमा पठनपाठन गराउनका लागि विभिन्न तहमा बहसले निरन्तरता पाइरहेको ।*** |